**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- नेपालमा युवाहरूको हिंसात्मक विरोध प्रदर्शनपछि नेपाल सरकारले शोशल मिडिया साइटहरूमा प्रतिबन्ध लगाउने निर्णय फिर्ता लिएको छ।

- उपराष्ट्रपति पदको निर्वाचनको लागि आज मतदान हुँदैछ।

- प्रधानमन्त्री नरेन्द्र मोदी आज हिमाचल प्रदेश र पञ्जाबको भ्रमणमा जानु हुनेछ।

- भारत अनि न्यूजील्याण्ड बीचको विदेश कार्यालय परामर्शको छैटौं चरण हिजो नयाँ दिल्लीमा सम्पन्न भयो।

- मौरिससका प्रधानमन्त्री डा. नवीनचन्द्र रामगुलाम र उनकी श्रीमती वीणा रामगुलाम आजदेखि १६ सेप्टेम्बरसम्म आठ दिवसीय भारत भ्रमणमा आउनु हुनेछ ।

**नेपाल – विरोध**

नेपालमा युवाहरूको हिंसात्मक विरोध प्रदर्शनपछि नेपाल सरकारले शोशल मिडिया साइटहरूमा प्रतिबन्ध लगाउने निर्णय फिर्ता लिएको छ। यस विरोध प्रदर्शनमा लगभग २० जनाको मृत्यु भएको छ भने तीन सयभन्दा बढी घाइते भएका छन्। नेपालका सञ्चार, सूचना तथा प्रसारण मन्त्री पृथ्वी सुब्बा गुरुङले मन्त्रिपरिषद्को आपतकालीन बैठकपछि सरकारले सामाजिक सञ्जाल साइटहरू प्रतिबन्ध लगाउने निर्णय फिर्ता लिएको बताउनु भएको छ । श्री गुरुङले मन्त्रालयले सम्बन्धित निकायहरूलाई सामाजिक सञ्जाल साइटहरू पुनः सुरु गर्न आदेश दिएको बताउनु भयो । केही दिन अघि नेपाल सरकारले फेसबुक र 'एक्स' लगायत २६ सामाजिक सञ्जाल साइटहरू नेपाल सरकारमा दर्ता नभएको भन्दै प्रतिबन्ध लगाउन आदेश दिएको थियो। हिजो नेपालमा भएको विरोध प्रदर्शन हिंसात्मक भयो, केही प्रदर्शनकारीहरू संसद परिसरमा प्रवेश गरे। भीड नियन्त्रण गर्न प्रहरीले पानीको फोहोरा र अश्रुग्यास प्रयोग गर्नुपरेको थियो। यसैबीच, नेपालमा फेसबुक, 'एक्स' र व्हाट्सएप जस्ता सामाजिक सञ्जाल प्लेटफर्महरू फेरि सक्रिय भएका छन्। नेपाल सरकारले हिज भएको प्रदर्शन हिंसात्मक भएपछि घटनाको जाच गर्न छानबिन समिति गठन गर्ने निर्णय गरेको छ। हिज साँझ प्रधानमन्त्री निवास बालुवाटारमा मन्त्रिपरिषद्को बैठक बसेको थियो जहाँ समितिले १५ दिन भित्र घटनाको छानबिन गरेर सरकारलाई TOR (सर्तहरू) बुझाउने निर्णय गरिएको छ । यसैबीच, नेपालका गृहमन्त्री रमेश लेखकले ठूलो मानवीय क्षतिको नैतिक जिम्मेवारी लिँदै नेपाली कांग्रेस पार्टी अध्यक्षलाई पद धारण नगर्ने जानकारी गराउनु भएको छ । हिज साँझ पार्टी अध्यक्ष शेरबहादुर देउवाको निवासमा आयोजित पदाधिकारी र पूर्व पदाधिकारीहरूको बैठकमा गृहमन्त्रीले यस्तो बताउनु भएको हो । विरोध प्रदर्शनमा लगभग २० जनाको मृत्यु भएको छ भने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हालसम्म ३४७ जना घाइते भएको जानकारी दिएको छ। विरोध प्रदर्शान काठमाडौं बाहेक विराटनगर, चितवन, झापा, काभ्रे , रूपन्देही, पोखरा, इटहरी र दाङमा भएको जानकारी प्राप्त भएको छ , जसमध्ये धेरै द्वन्द्वमा परिणत भएको थियो ।

**उपराष्ट्रपति- चुनाव**

उपराष्ट्रपति पदको निर्वाचनको लागि आज मतदान हुनेछ । यस चुनावमा राष्ट्रिय जनतान्त्रिक गठबन्धन-एनडीएका उम्मेदवार महाराष्ट्रका राज्यपाल सीपी राधाकृष्णनले इन्डिया ब्लकका उम्मेदवार सर्वोच्च अदालतका पूर्व न्यायाधीश बी. सुदर्शन रेड्डीसँग प्रतिस्पर्धा गर्नेछन्। उपराष्ट्रपतिको निर्वाचन संसदका दुवै सदनका सदस्यहरू मिलेर बनेको निर्वाचक मण्डलद्वारा गरिन्छ।

हाल, लोकसभामा ५ सय ४२ र राज्यसभामा २ सय ३९ सदस्य छन्। यस पटक उपराष्ट्रपतिको चुनावको लागि मतदाताको संख्या ७ सय ८१ छ र बहुमतको संख्या ३ सय ९१ हुनेछ । यस वर्ष जुलाईमा स्वास्थ्यको कारण देखाउँदै जगदीप धनखडले राजीनामा दिएका कारण यो चुनाव आवश्यक भएको हो।

BYTE

**पीएम - सीपी राधाकृष्णन**

प्रधानमन्त्री नरेन्द्र मोदीले उपराष्ट्रपति पदका लागि सीपी राधाकृष्णनको उम्मेदवारीलाई लिएर देशमा धेरै उत्साह रहेको बताउनु भएको छ । सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै श्री मोदीले भन्नु भएको छ, मानिसहरूले विश्वास गर्छन् कि श्री राधाकृष्णन एक उत्कृष्ट उपराष्ट्रपति हुनेछन् जसले आफ्नो ज्ञान र अन्तर्दृष्टिले पदमा गरिमा थप्नेछन्।

**पीएम – हिमाचल पन्जाब**

प्रधानमन्त्री नरेन्द्र मोदी आज हिमाचल प्रदेश र पञ्जाबको भ्रमणमा जानु हुनेछ। उहाँले दुवै राज्यमा बाढीको अवस्थाको आकलन गर्नु हुनेछ र राहत तथा पुनर्स्थापना कार्यहरूको समीक्षा गर्नुहुनेछ। प्रधानमन्त्री आज दिउँसो हिमाचल प्रदेशको कांगडा जिल्लाको धर्मशाला पुग्नु हुनेछ र त्यहाँ राज्य सरकारका अधिकारीहरूसँग उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नु हुनेछ। श्री मोदीले बाढीबाट प्रभावित स्थानीय जनतासँग पनि अन्तरक्रिया गर्नु हुनेछ। उहाँले राष्ट्रिय आपदा मोचन (एनडीआरएफ), राज्य विपद् प्रतिक्रिया बल (एसडीआरएफ) र जमिनमा काम गरिरहेका विपद् मित्रहरूसँग पनि भेट्नु हुनेछ। श्री मोदीले हवाई मार्गबाट हिमाचल प्रदेशका पहिरो प्रभावित क्षेत्रहरूको सर्वेक्षण गर्नुहुनेछ।

हिमाचल प्रदेश पछि, प्रधानमन्त्रीले हवाई मार्गबाट पञ्जाबका बाढी प्रभावित क्षेत्रहरूको सर्वेक्षण गर्नुहुनेछ। उहाँ दिउँसो ४ बजेर १५ मिनटमा गुरदासपुर पुग्नुहुनेछ र वर्तमान बाढीको अवस्थाको बारेमा अधिकारीहरूसँग बैठकको अध्यक्षता गर्नुहुनेछ।

**भारत – न्युजिल्याण्ड**

भारत अनि न्यूजील्याण्ड बीचको विदेश कार्यालय परामर्शको छैटौं चरण हिजो नयाँ दिल्लीमा सम्पन्न भयो। बैठकको क्रममा दुवै पक्षले रक्षा र सुरक्षा, व्यापार र लगानी, शिक्षा, कृषि, परम्परागत औषधि, जलवायु परिवर्तन, खेलकुद र जनता-जनता सम्बन्ध सहित द्विपक्षीय सम्बन्धका सबै पक्षहरूको समीक्षा गरे। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व विदेश मन्त्रालयको दक्षिण सचिव डा. नीना मल्होत्राले गर्नु भएको थियो भने न्यूजील्याण्ड प्रतिनिधिमण्डलको नेतृत्व विदेश तथा व्यापार मन्त्रालयका उपसचिव ग्राहम मोर्टनले गर्नु भएको थियो ।

बैठकले यस वर्ष मार्चमा न्यूजील्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनको आधिकारिक भारत भ्रमणका क्रममा गरिएका सम्झौता र घोषणाहरूको प्रगतिको पनि समीक्षा गर्‍यो। दुवै पक्ष नियमित उच्च-स्तरीय सम्पर्क र संस्थागत संयन्त्रहरू कायम राख्न सहमत भए। परामर्शको अर्को चरण पारस्परिक रूपमा सुविधाजनक मितिमा वेलिंग्टनमा हुनेछ।

**प्रधानमन्त्री- यरूशलम**

प्रधानमन्त्री नरेन्द्र मोदीले यरुसलममा निर्दोष नागरिकहरूमाथि भएको जघन्य आतंकवादी आक्रमणको कडा शब्दमा निन्दा गर्नु भएको छ । सामाजिक सञ्जालमा एक पोस्टमा श्री मोदीले भारतले सबै प्रकारका आतंकवादको निन्दा गर्ने र आतंकवादप्रति शून्य सहनशीलताको नीतिमा अडिग रहने बताउनु भयो । प्रधानमन्त्रीले शोकसन्तप्त परिवारहरूप्रति समवेदना व्यक्त गर्नु भयो र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नु भयो।

**मौरिसस प्रधानमन्त्री**

मौरिससका प्रधानमन्त्री डा. नवीनचन्द्र रामगुलाम र उनकी श्रीमती वीणा रामगुलाम आजदेखि १६ सेप्टेम्बरसम्म आठ दिवसीय भारत भ्रमणमा आउनु हुनेछ । यो प्रधानमन्त्री रामगुलामको आफ्नो वर्तमान कार्यकालमा भारतको पहिलो द्विपक्षीय विदेश भ्रमण हुनेछ। डा. रामगुलामले यसअघि मे २०१४ मा प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ ग्रहण समारोहमा भाग लिन भारतको भ्रमण गरेका गर्नु भएको थियो ।

***भारत भ्रमणको क्रममा प्रधानमन्त्री रामगुलामले राष्ट्रपति द्रौपदी मुर्मुलाई भेट्नु हुनेछ  र प्रधानमन्त्री नरेन्द्र मोदीसँग रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्ने विषयमा वार्ता गर्नु हुनेछ । विदेश मन्त्रालयबाट जारी विज्ञप्तिमा भनिएको छ,डा. रामगुलामले मुम्बई, वाराणसी, अयोध्या र तिरुपतिको पनि भ्रमण गर्नु हुनेछ । उहाले  मुम्बईमा  एक व्यापारिक कार्यक्रममा पनि  भाग लिनु हुनेछ ।***

**जीएसटी**

प्रधानमन्त्री नरेन्द्र मोदीले स्वतन्त्रता दिवसको दिन लाल किल्लाको पर्खालबाट GST सुधारहरूको अर्को पुस्ताको घोषणा गर्नु भएको थियो , जुन दीपावलीमा लागू गरिनेछ। सेप्टेम्बर ३ मा जीएसटी परिषद्ले आम मानिसमा केन्द्रित दरहरूको तर्कसंगतलाई अनुमोदन गरेपछि थप कुशल र नागरिक मैत्री अर्थ व्यवस्था  सिर्जना गर्ने प्रधानमन्त्रीको सपना साकार भयो। परिषद्ले अप्रत्यक्ष कर प्रणालीलाई ५%, १२%, १८% र २८% को चार-स्तरीय संरचनाबाट ५% र १८% को दुई-स्तरीय संरचनामा सरल बनाएको छ। यी सुधारहरूले धेरै क्षेत्रहरूमा कर दरहरू घटाएर नागरिकहरूको जीवनलाई सहज  बनाएको छ। हामी आज खेलकुद क्षेत्रका लागि गरिएका सुधारहरूबारे जान्नेछौ। हाम्रा संवाददाताले रिपोर्ट गरे अनुसार  GST सुधारहरू आम मानिसमा केन्द्रित छन् र सेप्टेम्बर २२ देखि लागू हुनेछन्।

**मौसम**

मौसम विभागले आज उप-हिमालयी पश्चिम बंगाल सहित उत्तरपूर्वी भारतमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

****** ० ******